# एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौंको अट्ठाईसौं वार्षिक साधारण सभासम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०९/०१ गते)

**अट्ठाईसौं वार्षिक साधारण सभासम्बन्धी सूचना**

यस बैंकको मिति २०८०/०८/२७ गते बसेको सञ्चालक समितिको ४५९औं बैठकको निर्णयानुसार बैंकको अट्ठाईसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकाले कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीकालागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा बस्ने मिति, स्थान र समय :**

| | | |
|---|---|---|
| मिति | : | २०८० साल पौष महिना २६ गते, बिहीबार (तद्नुसार ११, जनवरी २०२४) |
| स्थान | : | राष्ट्रिय सभागृह, प्रदर्शनीमार्ग, काठमाडौं । |
| समय | : | बिहान १० बजे । |

**छलफलका विषयहरू :**

**(क) सामान्य प्रस्तावः**

१. आर्थिक वर्ष २०७९/०८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० असार मसान्तको वासलात र आ.व. २०७९/०८० को नाफा-नोक्सान हिसाब (एकीकृत ईक्विटीमा भएको परिवर्तनको विवरण) तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरू पारित गर्ने (सहायक कम्पनीहरू एनएमबि क्यापिटल लिमिटेड, एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड र एन.एम.बि. सेक्युरिटिज लिमिटेडको एकीकृत वित्तीय विवरणहरू समेत),

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने,

**(ख) विशेष प्रस्तावः**

१. बैंकको प्रबन्धपत्रको उद्देश्यमा संशोधन गरी दफा ५(कक) मा ६ र ७ थप गर्ने ।

२. अन्य बैंक तथा वित्तीय संस्थालाई प्राप्ति (एक्विजिसन) गर्न तथा अन्य बैंक तथा वित्तीय संस्थाहरूसंग मर्जर प्रकृया अगाडि बढाउने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने । साथै, सोका लागि सम्पत्ति तथा दायित्वको मुल्यांकन गर्नका लागि मुल्यांकनकर्ता नियूक्त गर्ने, स्वाप रेसियो निर्धारण गर्ने, सोका लागि बैंकको प्रवन्धपत्र तथा नियमावलीमा कुनै संशोधन आवश्यक भएमा सो गरी सोको अभिलेख गराउने लगायत सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

३. बैंकको प्रबन्धपत्र संशोधनको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न वा अभिलेख गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने ।

**(ग) विविधः**

**(घ) निर्वाचन सम्बन्धमाः**

१. संस्थापक शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने २ जना तथा सर्वसाधारण शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना गरी ५ जना सञ्चालकहरूको निर्वाचन गर्ने । (संस्थापक शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना संचालकहरू मध्ये बैंकको नियमावली बमोजिम संस्थापक शेयरधनी एफएमओको तर्फबाट १ जना संचालक मनोनयन हुने)

आज्ञाले,
कम्पनी सचिव

**साधारण सभा सम्बन्धमा थप जानकारीः**

१) साधारण सभा प्रयोजनकोलागि बैंकको शेयर दाखिल खारेजी मिति २०८०/०९/०६ गतेका लागि बन्द रहने छ । उक्त मिति अगावै नेपाल स्टक एक्सचेञ्ज लि. मा कारोबार भई कायम भएका शेयरधनीहरूले मात्र सो साधारण सभामा भाग लिन/मतदान गर्न पाउने छन् ।

२) साधारण सभासम्बन्धी सञ्चालक समितिको प्रतिवेदन सहितका कागजातहरू हेर्न तथा प्रतिलिपि आवश्यक भएमा बैंकको केन्द्रीय कार्यालय बबरमहल, काठमाडौंमा सम्पर्क राख्न हुन अनुरोध छ । साथै, उक्त विवरणहरू बैंकको वेबसाइट www.nmb.com.np मा पनि राखिएको छ ।

३) साधारण सभा प्रयोजनकालागि शेयरधनी उपस्थिति पुस्तिका बिहान ९ बजेदेखि साधारण सभा सम्पन्न नहुन्जेलसम्म खुल्ला रहने छ । वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनीहरूले शेयरको प्रमाणपत्र वा शेयर अभौतिकरण गराई सक्नु भएका शेयरधनी महानुभावहरूको हकमा हितग्राही खाता नम्बर र सक्कल आधिकारीक परिचय पत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

४) साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावले आफ्नो नाममा रहेको सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी प्रतिनिधिपत्र (प्रोक्सी फारम) सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै बैंकको केन्द्रीय कार्यालय बबरमहल, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ ।

५) प्रतिनिधि नियुक्त गर्दा बैंकको शेयरधनी बाहेक अन्य व्यक्तिलाई नियुक्ति गर्न सकिने छैन् ।

६) नावालक वा विक्षिप्त शेयरधनीहरूको हकमा बैंकको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले मात्र सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नेछ । संयुक्त रूपमा शेयर लिने शेयरधनीहरूको हकमा त्यस्तो शेयरधनीहरु मध्येबाट सर्वसम्मत रूपमा मनोनित प्रतिनिधिले वा सो बमोजिम कुनै प्रतिनिधि नियुक्त नभएमा शेयरधनी दर्ता किताबमा पहिले नाम उल्लेख भएको शेयरधनीले मात्र सभामा भाग लिन पाईने छ ।

७) शेयरधनीहरूबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरूको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन् ।

८) कुनै शेयरधनी महानुभावहरूलाई बैंकको सम्बन्धमा केहि जिज्ञासा भए त्यस्तो ब्यहोरा लिखित रूपमा सभा हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै बैंकको रजिष्टर्ड कार्यालयमा पठाउनु हुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रूपमा समावेश गरिने छैन ।

९) साधारण सभामा भाग लिन आउनुहुने शेयरधनीहरूले साधारण सभासंग सम्बन्धित कागजात बाहेक कुनै झोला,पोका वा अन्य सामाग्री नलिई आउनु हुन अनुरोध गरिएको छ ।

**सञ्चालक समितिका सदस्यको निर्वाचनसम्बन्धी थप जानकारीः**

१) निर्वाचन सम्बन्धी कार्यक्रमहरू निर्वाचन अधिकृतले सूचना प्रकाशित गरे बमोजिम हुनेछ । निर्वाचन अधिकृतद्वारा निर्वाचन सम्बन्धी कार्यक्रमहरू मिति २०८०/०९/११ गते बुधबार दिनको २:०० बजे यस बैंकको केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौंमा प्रकाशित गरिनेछ ।

२) सञ्चालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले बैंकले जारी गरेको शेयरमध्ये धितो बन्धक लगायत कुनै पनि प्रकारको बन्धक नरहेको कम्तीमा १०० कित्ता शेयर आफ्नो नाममा ग्रहण गरेको हुनु पर्नेछ ।

३) सञ्चालक पदमा उम्मेदवार हुन चाहने व्यक्तिले यस बैंकको केन्द्रीय कार्यालय का.जि., का.म.न.पा. वडा नं. ११, एनएमबि भवन, बबरमहल, काठमाडौंमा प्रकाशित निर्वाचन सम्बन्धी कार्यक्रमको सूचनामा उल्लेखित मिति र समय भित्र बैंकको एकजना शेयरधनी प्रस्तावक र एक जना समर्थक सहित तोकिएको ढाँचामा तोकिएको दस्तुर बुझाई आफ्नो उम्मेदवारीको दरखास्त दर्ता गराउनु पर्नेछ ।

४) सञ्चालक पदमा उम्मेदवार हुन चाहने व्यक्तिले प्रचलित कानून बमोजिम तोकिएको योग्यता पुष्टि हुने कागजातहरू उम्मेदवारीको दरखास्त दर्ता गराउँदा पेश गर्नु पर्नेछ ।

५) यस बैंकको "सञ्चालकहरूको निर्वाचनसम्बन्धी निर्देशिका २०६५" शेयरधनीहरूले यस बैंकको केन्द्रीय कार्यालयबाट रू. ५००/- शुल्क तिरि प्राप्त गर्न सक्नु हुनेछ ।

**द्रष्टब्यः** बैंकको वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरूको सुविधाको लागि बैंकको वेबसाइट www.nmb.com.np मा पनि राखिने हुँदा त्यहाँबाट समेत हेर्न सकिने ब्यहोरा जानकारी गराउँदछौ ।

## आर्थिक वर्ष २०७९/०८० को संक्षिप्त वार्षिक आर्थिक विवरण

कम्पनी ऐन २०६३ को दफा ८४ (४) को प्रयोजनका लागि प्रकाशित विवरण

(संक्षिप्त वार्षिक आर्थिक विवरण बैंकको वार्षिक आर्थिक विवरण र संचालकको प्रतिबेदनको संक्षिप्त विवरण मात्र हो ।)

**आदरणीय शेयरधनी महानुभावहरू,**

बैंकको आर्थिक बर्ष २०७९/०८० को एकीकृत वासलात, एकीकृत नाफा नोक्सान हिसाब, ईक्विटीमा भएको परिवर्तनको विवरण र एकीकृत नगद प्रवाह विवरण तथा कम्पनी ऐन, २०६३ को दफा १०९ (४) बमोजिमको विवरणहरू समेत समावेश गरि समिक्षा बर्षको कारोवारको सिंहावलोकन, बैंकको वित्तीय अवस्थाको विवरण, यस अवधिमा बैंकले गरेको प्रगति, अर्थतन्त्रको समिक्षा तथा बैंकले हासिल गरेका उपलब्धीहरू सहितको सञ्चालक समितिको संक्षिप्त प्रतिवेदन तथा संक्षिप्त वार्षिक आर्थिक विवरण ।

आर्थिक वर्ष २०७९|८० को वित्तीय विवरण Nepal Financial Reporting Standard (NFRS) अनुसार तयार गरिएको छ ।

**१. समिक्षा बर्षको कारोबारको सिंहावलोकन :**

**निक्षेप संकलनः** समिक्षा बर्ष आ.व. २०७९/८० को असार मसान्तसम्ममा निक्षेप संकलनमा गत आ.व. भन्दा १४.२९ प्रतिशतले बृद्धि भई रू.२ खर्व १३ अर्व ४ करोड पुगेको छ । कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३०.२० प्रतिशत रहेको छ । समिक्षा बर्षको कुल निक्षेपमा (विदेशी मुद्राको निक्षेप सहित) चल्ती निक्षेपको अंश ६.०९ प्रतिशत, मुद्दती निक्षेपको अंश ५९.८१ प्रतिशत, बचत निक्षेपको अंश २५.९४ प्रतिशत, मागेको बखत तिर्नु पर्ने निक्षेप (कल निक्षेप) को अंश ६.७९ प्रतिशत र अन्य निक्षेपको अंश १.३७ प्रतिशत रहेको छ ।

**कर्जा तथा सापटः** समिक्षा बर्ष आ.व. २०७९/८० को असार मसान्तसम्ममा कर्जा तथा सापटमा गत आ.व. भन्दा ८.४४ प्रतिशतले बृद्धि भई बैंकको कर्जा लगानी रू.१ खर्व ९७ अर्व ५ करोड पुगेको छ ।

नेपाल राष्ट्र बैंकबाट जारी गरिएको एकीकृत निर्देशन बमोजिम तोकिएका क्षेत्रमा कर्जा प्रवाह सम्बन्धी व्यवस्था अर्न्तगत बैंकको समिक्षा बर्षमा कुल कर्जाको उर्जा क्षेत्रमा ९.९५ प्रतिशत, कृषिमा ११.३९ प्रतिशत, पर्यटनमा ३.५२ प्रतिशत र लघु, घरेलु, साना तथा मझौला कर्जा ११.०३ प्रतिशत लगानी रहेको छ ।

**लगानीः** समिक्षा बर्ष आ.व. २०७९/८० को असार मसान्तसम्ममा लगानीमा गत आ.व. भन्दा ३.२७ प्रतिशतले बृद्धि भई रू.३३ अर्व १४ करोड पुगेको छ । बैंकको लगानीमा संगठित संस्थाको शेयरहरूमा लगानी (सहायक कम्पनी समेत) रू.२ अर्व ८ करोड, नेपाल सरकारबाट जारी बण्ड तथा ट्रेजरी विल्समा रू.२७ अर्व ९९ करोड, कृषि बण्डमा रू.२ अर्व ४० करोड र विदेशी बैंकहरूमा रू. ६६ करोड ७४ लाख रहेको छ ।

**संचालन खर्चः** आ.व. २०७९/८० को असार मसान्तसम्ममा कुल अन्य संचालन खर्च गत आ.व. भन्दा १२.७५ प्रतिशतले बृद्धि भई रू. १ अर्व ८० करोड पुगेको छ । बैंकको कर्मचारी खर्च (बोनस बाहेक) आ.व. २०७९/८० को असार मसान्तसम्ममा रू. २ अर्व १८ करोड पुगेको छ । संचालन खर्चहरू स्वीकृत बजेटको परिधि भित्र रहेको छ ।

**आम्दानीः** आ.व. २०७९/८० को असार मसान्तसम्ममा कुल संचालन आम्दानी गत आ.व. भन्दा २०.९६ प्रतिशतले बृद्धि भई रू.१० अर्व ३३ करोड पुगेको छ । समिक्षा बर्षमा बैंकको खुद मुनाफा गत बर्षको रू.३ अर्व २९ करोडको तुलनामा २.०८ प्रतिशतले कमी भई रू.३ अर्व २२ करोड पुगेको छ ।

**पुँजीकोष, कर्जा निक्षेप, आधार ब्याजदर र तरलता अनुपातः** बैंकको पुँजीकोष पर्याप्तता अनुपात नेपाल राष्ट्र बैंकबाट तोकिएको ११ प्रतिशत भन्दा माथि १३.३३ प्रतिशत रहेको छ । त्यस्तै, कर्जा स्रोत अनुपात (CD Ratio) तर्फ पनि बैंकले कर्जा तथा निक्षेपको संतुलित व्यवस्थापन गरि ८२.३६ प्रतिशतमा कायम राखेको छ । २०८० असार मसान्तको तरलता अनुपात नेपाल राष्ट्र बैंकले तोकेको सीमाको परिधि भित्र रहि २९.८५ प्रतिशत कायम रहेको छ । २०८० असार महिनाको बैंकको आधार व्याजदर ९.५७ प्रतिशत रहेको छ ।

**कर्जा जोखिम ब्यवस्थाः** बजारमा नगद प्रवाहमा देखिएको समस्या तथा आर्थिक गतिविधिमा देखिएको सुस्तताका कारण खराब कर्जामा भएको बृद्धिले गर्दा गत आ.व. मा खराब कर्जा अनुपात १.४५ प्रतिशत रहेकोमा समिक्षा बर्षको अन्त्यमा सोमा बृद्धि भई २.७५ प्रतिशत पुगेको छ । कर्जा असुली तथा जोखिम व्यवस्थापनमा बैंक व्यवस्थापनबाट विशेष प्रयास भैरहेकाले आगामी दिनमा खराब कर्जाको अनुपात घटाउँदै लगिनेछ ।

**ऋणपत्रः** हालसम्म जारी ऋणपत्रको विवरण निम्न बमोजिम रहेको छ ।

| ऋणपत्र | जारि मिति | परिपक्व मिति | व्याज दर | अकिंत मूल्य (दश लाखमा) |
|---|---|---|---|---|
| एनएमबि उर्जा ऋणपत्र १ २०९२/९३ | २० जेष्ठ २०७८ | २० जेष्ठ २०९३ | ४.००% | १,५०० |
| एनएमबि उर्जा ऋणपत्र २ २०९२/९३ | १० जेष्ठ २०७९ | १० जेष्ठ २०९४ | ४.००% | २,७२७ |
| एनएमबि ऋणपत्र २०८७/८८ | ११ जेष्ठ २०७८ | ११ जेष्ठ २०८८ | ८.५०% | २,००० |
| एनएमबि ऋणपत्र २०८४/८५ | २९ चैत्र २०७५ | २९ चैत्र २०८५ | १०.००% | १,६८५ |
| एनएमबि ऋणपत्र २०८९/९० | ३० चैत्र २०७९ | ३० चैत्र २०९० | १०.७५% | ४,००० |

**बैंकको शाखा सञ्जालः** हाल बैंकले २०१ वटा शाखाहरू, १२ वटा एक्सटेन्सन काउण्टरहरू तथा १६१ वटा एटिएमहरूबाट ग्राहकहरूलाई सेवा प्रदान गर्दै आएको छ । बैंकले विभिन्न जिल्लाहरूमा १२ वटा शाखा रहित (ब्रान्चलेस) बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ । बैंकले मलेशियाको क्वालालम्पूर स्थित लेबुह पसार बेसार स्थित विस्मा स्ट्रेटस् ट्रेडिङ्ग बिल्डिङ्गमा स्थापना गरेको सम्पर्क कार्यालयले सम्पर्क बिन्दुका रूपमा रहि बैंकको विप्रेषण लगायतका व्यवसाय बृद्धिका लागि कार्य गर्दै आएको छ ।

**२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोवारलाई परेको असरः** विप्रेषणको आप्रवाहमा भएको सुधार तथा विदेशी मुद्राको सञ्चितीमा भएको बृद्धिका कारण वाह्य क्षेत्र सुधारउन्मुख देखिएतापनि आन्तरिक मागमा आएको कमी, निर्माण क्षेत्रको विस्तारमा देखिएको समस्या तथा पूँजीगत खर्चको कमी लगायतका कारणहरूले देशको आर्थिक गतिविधिमा आएको सुस्तताले गर्दा बैंकको व्यवसाय विस्तार तथा कर्जा असुलीमा समस्या पर्नसक्ने देखिएको छ ।

**३. चालु बर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणाः** बैंकको चालु आर्थिक बर्ष २०८०/८१ को आश्विन महिनासम्मको प्रमुख वित्तीय झलकहरू निम्नानुसार रहेको छ :

| क्र.सं. | विवरण | रकम (रू. हजारमा) |
|---|---|---|
| १ | कुल निक्षेप | २०,४०,१८,८१३ |
| २ | कुल कर्जा तथा सापट | २०,०३,४३,१९४ |
| ३ | कुल लगानी (सहायक कम्पनीको समेत) | ३,१७,६०,७६२ |
| ४ | खुद व्याज आम्दानी | २२,२४,५२० |
| ५ | कमिशन तथा डिस्काउन्ट र अन्य संचालन आम्दानी | ६,३३,४०५ |
| ६ | विदेशी विनिमय कारोवारबाट आम्दानी | ७२,६३२ |
| ७ | कुल सञ्चालन आम्दानी | २८,६८,०२५ |
| ८ | कुल सञ्चालन खर्च (कर्मचारी समेत) | ९,०६,९५८ |
| ९ | सञ्चालन मुनाफा | १३,७६,०१३ |
| १० | खुद मुनाफा | ९,६३,२०९ |
| ११ | चुक्ता पुँजी | १,८३,६६,७०६ |
| १२ | जगेडा तथा कोषहरू | १,०९,६२,२३९ |
| १३ | पुँजी पर्याप्तता अनुपात (%) | १२.८५% |

**भावी योजनाः** "समृद्ध नेपालका लागि" भन्ने मुल नाराका साथ बैंकले दिगो बैंकिङ्गमा केन्द्रित रहि वातावरणीय तथा सामाजिक जोखिमलाई ध्यानमा राख्दै प्राथमिकताप्राप्त क्षेत्रमा व्यवसायलाई विस्तार गरी निक्षेप तथा कर्जा लगानीलाई सन्तुलित रूपमा बृद्धि गर्दै लगिने छ । साथै, हरितगृह ग्यास उत्सर्जनलाई कम गर्नका लागि बैंकले विषेश रणनीति अपनाउँदै अगाडी बढेको छ । ग्राहक मैत्री तथा प्रभावकारी डिजिटज बैंकिङ्ग सेवा विस्तारलाई बैंकले मुख्य प्राथमिकतामा राखेको छ । बैंकले छुटै सर्भिस एक्सिलेन्स यूनिट खडा गरि आवश्यक जनशक्तिका साथ कार्य गर्दै आएको छ । कर्जाको गुणस्तरमा सुधार गर्दै उर्जा, कृषि तथा साना तथा मझौला क्षेत्रमा कर्जाहरूको आकारलाई बृद्धि गर्दै लैजाने रणनीति लिएको छ । लगानीका श्रोत ब्यवस्थापनका लागि विदेशी बैंक तथा वित्तीय संस्थाहरूबाट थप विदेशी विनिमेय कर्जा लिने तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम ऋणपत्र जारी गर्ने प्रकृया अघि बढाईएको छ । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न कार्यक्रमहरू संचालन गर्दै आएकोमा आगामी दिनहरूमा समेत सोलाई निरन्तरता दिइनेछ । भविष्यका योजनाहरू तथा रणनीतिहरूलाई सफल बनाउन बैंक दृढसंकल्प रहेको छ । बैंकको योजना तथा रणनीतिहरूको सफल कार्यान्वयनले बैंकलाई सवल तथा सक्षम बनाउने कुरामा हामी विश्वस्त छौं ।

**४. कारोवारलाई असर पार्ने मुख्य कुराहरूः** वर्तमान आर्थिक, सामाजिक तथा राजनैतिक अवस्थाका कारण कर्जा असुलीमा देखिएको समस्याहरू र कर्जा प्रवाहमा आएको संकुचन । वस्तु तथा सेवा निर्यात, विप्रेषण आप्रवाह, वैदेशिक लगानी र वैदेशिक सहायता परिचालनमार्फत मुलुक भित्रिने र वस्तु तथा सेवाको आयात मार्फत मुलुकबाट बाहिरिने विदेशी मुद्राका बीच अन्तरका कारण तरलतामा पर्न गएको चापले पर्न सक्ने असर । अन्तराष्ट्रिय राजनीतिमा आएको परिवर्तन तथा द्वन्दका कारणले गर्दा उर्जाको मुल्यमा बृद्धि भई मागमा आएको कमिका कारण लगानीको क्षेत्रमा देखिएको संकुचनबाट बैंकको आम्दानीमा पर्न सक्ने असर । बैंकबाट प्रवाह हुने कर्जा तथा बैंकबाट प्रदान गरिने गैह्र-कोषमा आधारित सेवाहरूबाट हुन सक्ने संभावित जोखिम । तरलतामा भएको उतार चढावका कारण निक्षेप र कर्जाको ब्याजदर व्यवस्थापनमा देखिएका चुनौती । राष्ट्रको आर्थिक, मौद्रिक तथा वित्तीय नीति परिवर्तनबाट हुनसक्ने संभावित जोखिम । अन्तर्राष्ट्रिय आर्थिक तथा वित्तीय क्षेत्रको शिथिलताबाट नेपाली बजारमा पर्न सक्ने असर र सोबाट हुनसक्ने जोखिम । मुद्रा निर्मलिकरणलाई रोक्नका लागि देशमा केन्द्रिकृत तथ्यांकहरू तथा पर्याप्त प्रविधिहरूको अभावका कारण हुनसक्ने जोखिम ।

**५. लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकमः** आर्थिक वर्ष २०७९/०८० को वित्तीय विवरण अनुसार कायम रहेको वितरण योग्य मुनाफाबाट लाभांश वितरण नगरी सञ्चित गर्ने निर्णय भएको ।

**६. कम्पनी तथा यसको सहायक कम्पनीले आर्थिक बर्षमा गरेको प्रमुख कारोबार र त्यस अवधिमा कम्पनीको कारोबारमा आएको महत्वपूर्ण परिवर्तनः** यस बैंकको सत्प्रतिशत स्वामित्वमा रहेको सहायक कम्पनी एनएमबि क्यापिटल लि. ले यस बैंकको शेयर रजिष्ट्रारको कार्य समेत गर्दै आएको छ । सो वापत समिक्षा बर्षमा उक्त कम्पनीलाई रू.१० लाख भुक्तानी गरिएको छ । समिक्षा बर्षको अन्त्यमा एनएमबि क्यापिटल लि. को यस बैंकमा रहेको खातामा रू. १८ करोड ३९ लाख निक्षेप रहेको छ । समीक्षा बर्षमा बैंकले रू. १ करोड ३१ लाख ब्याज वापत एनएमबि क्यापिटल लि. लाई भुक्तानी गरेको छ । बैंकले घर भाडा वापत रू. २३ लाख ७१ हजार प्राप्त गरेको छ ।

समिक्षा वर्षमा सहायक कम्पनी एनएमबि लघुवित्त वित्तीय संस्था लि.मा बैंकका एक कर्मचारी नायव प्रमुख कार्यकारी अधिकृतका रूपमा कार्यरत रहनु भएको छ ।

असार मसान्त २०८० मा एनएमबि क्यापिटल लिमिटेड, एन.एम.बि सेक्युरिटिज लिमिटेड तथा एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेडसँगको मौज्दात, लगानी तथा कर्जा/सापटी रकमहरू यस प्रकार सारांशमा दिइएको छ :

रकम रू. हजारमा

| क.स | विवरण | एनएमबि क्यापिटल लि. | एनएमबि लघुवित्त वित्तीय संस्था लि. | एन.एम.बि सेक्युरिटिज लि. |
|---|---|---|---|---|
| १ | लगानी | ४००,००० | १७२,४८८ | २००,००० |
| २ | कल, चल्ती तथा मुद्दती निक्षेप | १८३,८९६ | ७,९८२ | २००,६८३ |
| ३ | कर्जा/सापटी | – | १,११९,०९८ | – |
| ४ | कल, चल्ती तथा मुद्दती निक्षेपमा प्रदान गरिएको ब्याज खच | १३,१४३ | – | २,४२१ |
| ५ | ऋणमा ब्याज आम्दानी | – | १३२,८३७ | – |
| ६ | एनएमबि क्यापिटल लिमिटेडले कार्यालय स्थान पट्टामा लिएका | २,३७१ | – | – |
| ७ | एनएमबि बैंकको शेयर रजिष्ट्रार कार्य बापतको भुक्तानी | १,००० | – | |
| ८ | ऋणपत्र ट्रस्टी शुल्क एनएमबी बैंकद्वारा भुक्तानी | ३५० | – | |
| ९ | एनएमबि बैंकलाई व्यवस्थापन शुल्क भुक्तानी | – | ३,३३९ | |
| १० | एनएमबि हाईब्रिड कोष १ बाट एनएमबी बैंकलाई लाभांश भुक्तानी | ३२,१३० | – | – |
| ११ | एनएमबि ५० बाट लाभांश भुक्तानी | ३७,२६७ | – | – |
| १२ | एनएमबि क्यापिटल लिमिटेडबाट एनएमबी बैंकलाई लाभांश भुक्तानी | ४०,००० | | |

**७. आन्तरिक नियन्त्रण प्रणालीः** आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनका लागि बैंकमा भएका तथा हुनसक्ने जोखिमहरू व्यवस्थापन गरी बैंकलाई उत्कृष्ट एवं सवल रूपमा संचालन गर्दै लगानीकर्ताहरूको हितको संरक्षणका लागि बैंक सञ्चालक समितिले प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकबाट समय समयमा जारी हुने निर्देशनहरूको अधिनमा रहि जोखिम व्यवस्थापनका लागि आवश्यक नीति, कार्यविधिहरू बनाई लागू गरेको छ । बैंक सञ्चालक समितिबाट सञ्चालक समिति तहका लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धीकरण निवारण समिति र मानव संशाधन समिति गरि चार वटा समितिहरू गठन गरिएको छ । ती समितिहरूमा विभिन्न जोखिमहरूका बारेमा पर्याप्त छलफल हुने गरेको र सोको बारेमा सञ्चालक समितिलाई समेत जानकारी गराउने गरिएको छ । व्यवस्थापन तहमा कार्यकारी व्यवस्थापन समिति, कर्जा जोखिम व्यवस्थापन समिति, सम्पत्ति तथा दायित्व समिति, मानव संशाधन नियूक्ति समिति, सूचना तथा प्रविधि समिति, सुशासन समिति लगायतका समितिहरूले बैंकको जोखिम व्यवस्थापन गर्नका लागि विभिन्न कार्यहरू गर्दै आएका छन् । बैंकको आन्तरिक नियन्त्रण प्रणाली तथा यसको प्रभावकारीतालाई सञ्चालक समितिको तहबाटै विशेष रूपमा महत्व दिई यसलाई थप प्रभावकारी बनाउँदै लगिएको छ ।

**८. लेखापरीक्षण समितिः** बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा थप एक जना गैर कार्यकारी सञ्चालक सदस्य र आन्तरिक लेखापरीक्षण विभागका प्रमुख सदस्य सचिव रहने गरि निम्न बमोजिमको लेखापरीक्षण समितिको गठन गरेको छ ।

| | |
|---|---|
| श्री जीवन कुमार कट्वाल, सञ्चालक | - संयोजक |
| श्री शिरिष कुमार मुरारका, सञ्चालक | - सदस्य |
| श्री रञ्जन पाण्डे, आन्तरिक लेखापरीक्षण विभाग प्रमुख | - सदस्य सचिव |

नेपाल राष्ट्र बैंकले लेखापरीक्षण समितिको लागि तोकेको निर्देशनको परिधिभित्र रही बैंकको लेखापरीक्षण समितिले आफ्नो कार्य सम्पादन गर्दै आएको छ ।

**९. कुल व्यवस्थापन खर्चको विवरणः** आ.व. २०७९/८० मा यस बैंकको कर्मचारी खर्च तथा कार्यालय संचालन खर्च अन्तर्गतका व्यवस्थापन खर्चहरू रू.३ अर्व ६२ करोड रहेको छ ।

**१०. शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांश रकमः** २०८० आषाढ मसान्तमा शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांश बैंकमा रू.२३,१५,५८८/- र शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लि. मा रू.२७,७५,८८,५५३ गरि कुल २७,९९,०४,१४१ रहेको छ । आर्थिक वर्ष २०६९/०७० सम्मको शेयरधनीहरूले बुझिलिन बाँकी लाभांश लगानीकर्ता संरक्षण कोषमा जम्मा गरिएको छ । बैंकले लाभांश बुझिलिने सम्बन्धमा शेयरधनीहरूको जानकारीका लागि राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रत्येक वर्ष सूचना प्रकाशित गर्ने गरेको छ ।

**११. खरीद वा बिक्री गरिएको सम्पत्तिको विवरणः** समीक्षा वर्षमा यस प्रकारको कुनै खरीद बिक्री भएको छैन । चालु आ.व. मा बैंकले कार्यालय प्रयोजनका लागि का.जि. का.म.पा. वडा नं. १ नक्सालमा कुल क्षेत्रफल १०५ दशमलब ५६२५ आना जग्गा खरिद गरेको छ ।

**१२. लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृयाः** बैंकलाई तात्विक असर पर्ने कैफियत नभएको ।

**१३. गुनासो सुनवाई सम्बन्धी व्यवस्थाः** सेवाग्राहीलाई पर्ने असुविधा तथा सर्वसाधारणको गुनासो सुनवाई गर्नका लागि बैंक व्यवस्थापन समुहका सदस्य समेत रहेका नायव प्रमुख कार्यकारी अधिकृत श्री सुदेश उपाध्यायलाई गुनासो सुनवाई अधिकृत तोकिएको छ । साथै, ग्राहकको गुनासो सुनवाईका लागि बैंकको वेवसाइटमा अनलाईन पोर्टलको समेत व्यवस्था गरिएको छ ।

**१४. संस्थागत सुशासनः** संस्थागत सुशासनका लागि संचालक समिति स्तरका लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, मानव संसाधन समिति तथा सम्पत्ती शूद्धीकरण निवारण समिति रहेका छन् । त्यसैगरी, व्यवस्थापन तहमा प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा छुट्टै संस्थागत सुशासन समिति रहेको छ । यो समितिले बैंकमा संस्थागत सुशासनलाई प्रभावकारी बनाउनका लागि कार्य गर्दै आएको छ ।

**१५. सञ्चालक समितिको बैंठक तथा पदाधिकारीहरूको आचरणः** विद्यमान ऐन तथा बैंकको नियमावलीमा भएको ब्यवस्थाहरू बमोजिम सञ्चालक समितिको बैठक नियमित रूपमा बस्ने गरेको छ । समिक्षा बर्षमा सञ्चालक समितिको बैठक १५ वटा बसेको छ । संचालक समितिका अध्यक्ष तथा सदस्यहरूलाई प्रति बैठक क्रमशः रू.१८,०००|- र रू.१६,०००|- बैठक भत्ता प्रदान गरिएको छ । त्यसैगरी, नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको एकीकृत निर्देशन २०७९ को निर्देशन नं ६ को बुँदा १ मा उल्लेख भएका आचरणहरू सञ्चालक समितिका सम्पूर्ण पदाधिकारीहरूले पालना गर्दै आउनु भएको छ ।

**१६. लेखापरीक्षकको मन्तब्यः** लेखापरीक्षकले बैंकको वार्षिक आर्थिक विवरणका बारेमा पेश गर्नु भएको प्रतिवेदन देहाय बमोजिम रहेको छः

Dev Associates,
Chartered Accountants
Tel: +977 (1) 5521605 | +977 (1) 5521195
Fax: +977 (1) 5520976
Patandhoka, Lalitpur
PO Box 252, Lalitpur DPO 44700
Bagmati Province, Nepal

K.M.U & Associates,
Chartered Accountants
Tel:+977 (1) 5551916
Kupandol, Lalitpur
Bagmati Province, Nepal

### REPORT OF THE INDEPENDENT AUDITORS ON THE SUMMARY FINANCIAL STATEMENTS

**To the Shareholders of NMB Bank Limited**

**Opinion**

The summary financial statements, which comprise the summary statement of financial position as at Ashad 31, 2080, the summary statement of profit or loss, the summary statement of comprehensive income, summary statement of changes in equity and summary statement of cash flow for the year then ended, and related notes are derived from the audited financial statements of NMB Bank Limited (the Bank) for the year ended Ashad 31, 2080.

In our opinion, the accompanying summary financial statements are consistent, in all material respects, with the audited financial statements, on the basis described in the Notes to the summary financial statements.

**Summary Financial Statements**

The summary financial statements do not contain all the disclosures required by the Nepal Financial Reporting Standards (NFRS). Reading the summary financial statements and the auditors' report thereon, therefore, is not a substitute for reading the audited financial statements and the auditors' report thereon.

**The Audited Financial Statements and Our Report Thereon**

We expressed an unqualified audit opinion on the audited financial statements in our report dated November 30, 2023. The report also include:

- Emphasis of Matter paragraph on contingent liability due to implication of Section 26 and 27 of Finance Act, 2080.
- The communication of key audit matters.

**Management's Responsibility for the Summary Financial Statements**

Management is responsible for the preparation of the summary financial statement on the basis described in the Notes to the summary financial statement.

**Auditors' Responsibility**

Our responsibility is to express an opinion on whether the summary financial statements are consistent, in all material respects, with the audited financial statements based on our procedures, which were conducted in accordance with Nepal Standard on Auditing (NSA) 810 (Revised), Engagements to Report on Summary Financial Statements.

Dev Associates, Lalitpur, Nepal, Chartered Accountants

Rajnish Dahal, FCA
Managing Partner
Dev Associates, Chartered Accountants
Place: Lalitpur
Date: December 11, 2023

K.M.U & Associates, Lalitpur, Chartered Accountants

Krishna Prasad Acharya, FCA
Managing Partner
K.M.U. & Associates, Chartered Accountants
Place: Lalitpur
Date: December 11, 2023

# एनएमबि बैंक लिमिटेडको
# आर्थिक बर्ष २०७९/८० को संक्षिप्त वार्षिक आर्थिक विवरणको बाँकी अंश

## एकीकृत वित्तीय अवस्थाको विवरण
२०८० साल आषाढ ३१ गते (जुलाई १६, २०२३) मसान्तका

रकम रू. मा

| | समूह | | बैंक | |
|---|---|---|---|---|
| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
| **सम्पत्तिहरू** | | | | |
| नगद तथा नगद समान | २४,७११,८४६,६०० | १३,३२८,६८९,०५० | २३,९५८,२७९,९३५ | १२,७८७,६३७,०५२ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १५,०८६,५००,८८३ | १३,७७४,३१३,६३० | १५,०५९,५००,८८३ | १३,७४७,३१३,६३० |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ७५५,८४६,१८६ | ३,७८२,२८८,७४३ | ७५५,८४६,१८६ | ३,७८२,२८८,७४३ |
| डेरिभेटिभ (व्यूत्पन्न) वित्तीय उपकरण | १०,८५०,०७९,१३१ | ५,२९३,७७३,३२८ | १०,८५०,०७९,१३१ | ५,२९३,७७३,३२८ |
| अन्य व्यापारिक सम्पत्तिहरू | ११७,४८६,२१६ | २५,२२८,५३१ | २४,७५०,००० | – |
| बैंक तथा वित्तीय संस्थाहरूलाई कर्जा सापटी | ७,११६,५२९,१६३ | ५,९२०,०९४,८१६ | ७,११६,५२९,१६३ | ५,९२०,०९४,८१६ |
| ग्राहकलाई कर्जा तथा सापटी | १९२,८०३,७८२,४७५ | १७९,५४४,९८०,६८२ | १८९,०३५,४००,३८८ | १७४,९४८,३५६,२८४ |
| धितोपत्रमा लगानी | ३२,९२०,८७९,७०४ | ३२,००८,९५१,७५३ | ३२,३७४,९१४,८२८ | ३१,७२४,८४६,७५३ |
| चालु कर सम्पत्ति | ६३,३७०,३०६ | ५४,१२१,१०४ | ४४,९४७,६२४ | ५५,३२८,९०५ |
| सब्सिडरी (सहायक) कम्पनीमा लगानी | – | – | ७७२,४८७,६०० | ३७२,४८७,६०० |
| सम्वन्ध कम्पनीमा लगानी | – | – | – | – |
| लगानी सम्पत्तिहरू | ६९७,७०७,५२० | २९५,१६१,५२० | ६९७,७०७,५२० | २९५,१६१,५२० |
| सम्पत्ति र उपकरण | १,८७४,३८६,६२२ | १,८१६,२८३,६७७ | १,७५२,७९९,२६३ | १,७६४,१३०,३४१ |
| ख्याती तथा अमुर्त सम्पत्ति | १८३,९५३,०१२ | २३२,०५०,७६८ | १७८,६८९,८२९ | २२६,५१३,१५० |
| स्थगन कर सम्पत्ति | ४५३,५१०,६०१ | ३४७,२७८,७५३ | ४४८,४११,०३० | ३३८,९६४,७६४ |
| अन्य सम्पत्ति | ४,८२२,५८७,३५१ | ४,०४२,७५६,१५६ | ४,७०६,७९७,३१४ | ३,८९३,७१३,३९४ |
| **जम्मा सम्पत्ति** | **२९२,४५८,४६५,७७०** | **२६०,४६५,९७२,५११** | **२८७,७७७,१४०,६९४** | **२५५,१५०,६१०,२८०** |
| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
| **दायित्वहरू** | | | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी | २,७३७,२५७,५१० | २,०८२,४३६,३३८ | २,७३७,२५७,५१० | २,०८२,४३६,३३८ |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी | ३,२८५,९८७,२०३ | ८,९९६,३६६,५२९ | ३,२८५,९८७,२०३ | ८,९९६,३६६,५२९ |
| डेरिभेटिभ (व्यूत्पन्न) वित्तीय उपकरणहरू | ११,०६०,३४४,५६७ | ५,३५१,०९८,०९२ | ११,०६०,३४४,५६७ | ५,३५१,०९८,०९२ |
| ग्राहकबाट निक्षेप दायित्व | २११,५५९,४४०,६४० | १८६,५०१,१२५,८२६ | २१०,३०४,६८७,१४७ | १८४,८१७,१०६,४६३ |
| सापटी | १६,३८१,५३५,८०५ | १४,७४५,०१५,७५१ | १४,८१४,९०३,३७९ | १२,९९७,४००,००० |
| चालु कर दायित्व | – | – | – | – |
| व्यवस्था | १,६३०,७८७ | १,६००,०१६ | – | – |
| स्थगन कर दायित्व | १०,५०२,४९७ | २२,२११,०३४ | – | – |
| अन्य दायित्व | ५,९२६,५०१,९५५ | ६,६०९,४०८,४२८ | ५,२२७,५९७,४९१ | ५,९०७,३८७,३७८ |
| जारी गरिएको ऋणपत्र | ११,९११,९४२,००० | ८,१२७,८५३,५२२ | ११,९११,९४२,००० | ८,१२७,८५३,५२२ |
| सुरक्षण नराखिएको सहायक आवधिक दायित्व | – | – | – | – |
| **कूल दायित्व** | **२६२,८७५,१४२,९६४** | **२३२,४३७,११५,५३६** | **२५९,३४२,७१९,२९६** | **२२८,२७९,६४८,३२२** |
| **पूँजी** | | | | |
| शेयर पूँजी | १८,३६६,७०५,९५९ | १८,३६६,७०५,९५९ | १८,३६६,७०५,९५९ | १८,३६६,७०५,९५९ |
| शेयर प्रिमियम | ३७,२१६,२१० | ३७,२१६,२१० | – | – |
| संचित नाफा | १,६१२,२४३,४६५ | २,००९,९०४,६५० | १,१४०,८३०,२४० | १,५५०,७८१,३६७ |
| जगेडा | ९,०६४,५३६,९८४ | ७,०७६,५५९,७७९ | ८,९२६,८८५,१९८ | ६,९५३,४७४,६३३ |
| **शेयरधनीहरूलाई वाँडफाँड गर्ने कुल इक्विटी** | **२९,०८०,७०२,६१९** | **२७,४९०,३८६,५९९** | **२८,४३४,४२१,३९७** | **२६,८७०,९६१,९५८** |
| **गैर नियन्त्रित स्वार्थ (Non Controlling Interest)** | **५०२,६२०,१८७** | **५३८,४७०,३७६** | – | – |
| **जम्मा पूँजी** | **२९,५८३,३२२,८०६** | **२८,०२८,८५६,९७५** | **२८,४३४,४२१,३९७** | **२६,८७०,९६१,९५८** |
| **जम्मा दायित्व र पूँजी** | **२९२,४५८,४६५,७७०** | **२६०,४६५,९७२,५११** | **२८७,७७७,१४०,६९४** | **२५५,१५०,६१०,२८०** |
| **सम्भावित दायित्व र सङ्कल्प** | **१७९,७३८,४७०,९२६** | **१५७,४३६,३००,९७६** | **१७९,७३८,४७०,९२६** | **१५७,४३५,७००,९७६** |
| **खुद सम्पत्ति प्रति शेयर** | **१५८.३३** | **१४९.६८** | **१५४.८२** | **१४६.३०** |

## एकीकृत नाफा नोक्सान विवरण
२०७९ श्रावण १ गते देखि २०८० आषाढ ३१ गते सम्मको (१६ जुलाई २०२२ देखि १७ जुलाई २०२३ सम्म)

रकम रू. मा

| | समूह | | बैंक | |
|---|---|---|---|---|
| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
| व्याज आम्दानी | २७,२८५,७३१,७८८ | २०,००१,३५३,५४२ | २६,६२२,४६०,२१४ | १९,१६८,८६२,५९४ |
| व्याज खर्च | १८,५९७,०३१,१६५ | १३,०८९,५५८,७२३ | १८,२८०,०००,२९२ | १२,७८१,३२२,७५२ |
| **खुद व्याज आम्दानी** | **८,६८८,७००,६२३** | **६,९११,७९४,८१९** | **८,३४२,४५९,९२२** | **६,३८७,५३९,८४२** |
| शुल्क तथा कमिशन आम्दानी | २,११७,३६०,८१३ | १,९६०,९१८,१३५ | १,८३३,४७२,६१७ | १,६८९,४७२,५५९ |
| शुल्क तथा कमिशन खर्च | २८८,८३७,७६१ | २१६,२४१,०३५ | २८६,६११,१०५ | २१६,२४१,०३५ |
| **खुद शुल्क र कमिशन आम्दानी** | **१,८२८,५२३,०५२** | **१,७४४,६७७,१००** | **१,५४६,८६१,५१२** | **१,४७३,२३१,५२४** |
| **खुद व्याज, शुल्क र कमिशन आम्दानी** | **१०,५१७,२२३,६७५** | **८,६५६,४७१,९१९** | **९,८८९,३२१,४३४** | **७,८६०,७७१,३६६** |
| खुद व्यापार आम्दानी | २४१,५५४,७३६ | २७१,७३२,९४३ | २३६,२८५,४३० | २७२,४०६,५०९ |
| अन्य संचालन आम्दानी | २०९,७९३,५२३ | ४१०,३८७,४०३ | २०४,१४६,५०९ | ४०६,७६६,६८५ |
| **जम्मा संचालन आम्दानी** | **१०,९६८,५७१,९३४** | **९,३३८,५९२,२६५** | **१०,३२९,७५३,३७३** | **८,५३९,९४४,५६०** |
| कर्जाको क्षति प्रभार/(विपयर्य) तथा अन्य हानी | १,५१७,६५६,६७७ | (२५,९३८,६९१) | १,४५३,८२०,५७० | (३७,२२५,७२४) |
| **खुद संचालन आम्दानी** | **९,४५०,९१५,२५७** | **९,३६४,५३०,९५६** | **८,८७५,९३२,८०३** | **८,५७७,१७०,२८४** |
| **संचालन खर्च** | | | | |
| कर्मचारी खर्च | २,९८०,३८६,५३३ | २,८०५,५४०,८६४ | २,६८९,१७५,१७६ | २,५३९,३४५,९८९ |
| अन्य संचालन खर्च | १,३१८,८३४,६६६ | १,२३८,११२,६१५ | १,१९२,०३३,६९३ | १,०८७,९१६,१२२ |
| ह्रास कट्टी र परिशोधन | ३५८,१३८,१७० | ३०५,४०७,६४३ | ३१९,४०२,४०२ | २९०,५२१,५०३ |
| **संचालन नाफा** | **४,७९३,५५५,८८९** | **५,०१५,४६९,८३४** | **४,६७५,३२१,५३३** | **४,६५९,३८६,६७०** |
| गैर संचालन आम्दानी | ९,९८५,७८० | २,६५६,८५३ | ९,९८५,७८० | २,६५६,८५३ |
| गैर संचालन खर्च | ७६,६१०,७९८ | ४६,९५१,६७६ | ७६,१४८,०९७ | ४६,७५५,७४९ |
| **आय कर अघिको नाफा** | **४,७२६,९३०,८७१** | **४,९७१,१७५,०११** | **४,६०९,१५९,२१६** | **४,६१५,२८७,७७४** |
| आयकर खर्च | | | | |
| चालु कर | १,४७१,३३०,३७६ | १,५३५,३९४,४०० | १,४३४,८४७,८८४ | १,४३५,१९९,२६१ |
| स्थगन कर खर्च/(आम्दानी) | (४१,०७७,६५९) | (१०६,८४५,८९९) | (४८,२३५,९६१) | (१११,००५,६५७) |
| **यस अवधिको नाफा** | **३,२९६,६७८,१५३** | **३,५४२,६२६,५१०** | **३,२२२,५४७,२९२** | **३,२९१,०९४,१७०** |
| **नाफा वाँडफाँड :** | | | | |
| बैंकको शेयर धनी | ३,३०९,४५५,८८९ | ३,४७०,५१६,४१७ | ३,२२२,५४७,२९२ | ३,२९१,०९४,१७० |
| गैर नियन्त्रित स्वार्थ (Non Controlling Interest) | (१२,७७७,७३६) | ७२,११०,०९३ | – | – |
| **यस अवधिको नाफा** | **३,२९६,६७८,१५३** | **३,५४२,६२६,५१०** | **३,२२२,५४७,२९२** | **३,२९१,०९४,१७०** |
| **प्रति शेयर आम्दानी** | | | | |
| आधारभुत प्रति शेयर आम्दानी (Basic EPS) | १७.९५ | १८.९० | १७.५५ | १७.९२ |
| डाइलुटेड प्रति शेयर आम्दानी (Diluted EPS) | १७.९५ | १८.९० | १७.५५ | १७.९२ |

## एकीकृत अन्य विस्तृत आम्दानीको विवरण
२०७९ श्रावण १ गते देखि २०८० आषाढ ३१ गते सम्मको (१७ जुलाई २०२२ देखि १६ जुलाई २०२३ सम्म)

रकम रू. मा

| | समूह | | बैंक | |
|---|---|---|---|---|
| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
| **यस वर्षको नाफा** | **३,२९६,६७८,१५३** | **३,५४२,६२६,५१०** | **३,२२२,५४७,२९२** | **३,२९१,०९४,१७०** |
| **आयकर पछिको अन्य विस्तृत आम्दानी** | | | | |
| **क) नाफा/(नोक्सान) मा पुनःवर्गिकरण नगरिने** | | | | |
| फेयर भ्यालुमा मूल्याङ्कन गरिएका इक्विटी उपकरणका लगानी बाट भएका नाफा/(नोक्सान) | (१४९,४७१,२१६) | १६१,५९५,९४३ | (१४८,२८५,९२६) | १६७,९४८,४४३ |
| पुनः मूल्याङ्कनबाट भएका नाफा/(नोक्सान) | – | – | – | – |
| परिभाषित लाभ योजनाबाट विमाङ्किक नाफा/(नोक्सान) | (५४,८५३,७३१) | (४३,४८८,०९९) | (५५,७४८,४२७) | (४४,०५६,१०८) |
| माथि उल्लेख गरिएका बुँदाको आयकर | ६१,२९७,४८४ | (१९,३१५,१११) | ६१,२१०,३०६ | (२१,०५०,४५८) |
| **नाफा/नोक्सानमा वर्गिकरण नगरिने खुद अन्य विस्तृत आम्दानी** | **(१४३,०२७,४६३)** | **९८,७९२,७३३** | **(१४२,८२४,०४७)** | **१०२,८४१,८७७** |
| **ख) नाफा/नोक्सानमा पुनःवर्गिकरण गरिएका वा गर्न लायक** | – | – | – | – |
| हेजिङ्गबाट भएको नगद प्रवाहको नाफा/(नोक्सान) | – | – | – | – |
| सटही नाफा/(नोक्सान) (विदेशी संचालनको वित्तीय सम्पत्तिको रूपान्तरणमा भएको | – | – | – | – |
| माथि उल्लेख गरिएका बुँदाको आयकर | – | – | – | – |
| नाफा/(नोक्सान) पुनःवर्गिकरण | – | – | – | – |
| **नाफा/(नोक्सान)मा पुनःवर्गिकरण गरिएका वा गर्न लायक खुद अन्य विस्तृत आम्दानी** | – | – | – | – |
| **ग) इक्विटी तरिकाबाट लेखाङ्कित सहायक निकायको अन्य विस्तृत आम्दानीको अंश** | – | – | – | – |
| **यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी** | **(१४३,०२७,४६३)** | **९८,७९२,७३३** | **(१४२,८२४,०४७)** | **१०२,८४१,८७७** |
| **जम्मा विस्तृत आम्दानी** | ३,१५३,६५०,६९१ | ३,६४१,४१९,२४३ | ३,०७९,७२३,२४६ | ३,३९३,९३६,०४६ |
| **कुल विस्तृत आम्दानीको वाँडफाँड** | | | | |
| बैंकको इक्विटी शेयर धनी | ३,१६६,४२८,४२७ | ३,५६८,७१४,२९८ | ३,०७९,७२३,२४६ | ३,३९३,९३६,०४६ |
| गैर नियन्त्रित स्वार्थ (Non Controlling Interest) | (१२,७७७,७३६) | ७२,७०४,९४४ | – | – |
| यस वर्षको जम्मा विस्तृत आम्दानी | **३,१५३,६५०,६९१** | **३,६४१,४१९,२४३** | **३,०७९,७२३,२४६** | **३,३९३,९३६,०४६** |

## एकीकृत नगद प्रवाहको विवरण
२०७९ श्रावण १ गते देखि २०८० आषाढ ३१ गते सम्मको (१७ जुलाई २०२२ देखि १६ जुलाई २०२३ सम्म)

रकम रू. मा

| | समूह | | बैंक | |
|---|---|---|---|---|
| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
| **कारोवार संचालनबाट नगद प्रवाह** | | | | |
| व्याज प्राप्ती | २३,५३३,४१५,६३६ | १८,२३४,४५६,१४५ | २२,८०५,०९८,४३३ | १७,४०५,३९४,४४३ |
| शुल्क तथा अन्य प्राप्ती | २,०३८,१९३,४१६ | १,८३०,७२२,२४७ | १,८४०,६५३,९१३ | १,५६८,६००,१७४ |
| लाभांश प्राप्ती | – | ६,२५०,००८ | – | – |
| अन्य कारोवार संचालनबाट प्राप्ती | २७३,०४१,८७२ | ३४८,१८३,०७७ | २६२,४४७,७८३ | २७५,०२७,९५४ |
| व्याज भुक्तानी | (१९,२७१,७६३,३१६) | (१२,७०१,३७३,२३६) | (१८,८१५,१८८,१७१) | (१२,३१३,७१६,६९८) |
| कमिशन तथा शुल्क भुक्तानी | (२८४,६५४,०५६) | (२१५,८७०,४९७) | (२८४,६५४,०५६) | (२१५,८७०,४९७) |
| कर्मचारीहरूलाई नगद भुक्तानी | (२,३०६,२४३,६५२) | (३,१३५,९९४,६११) | (२,०६४,०३३,०२१) | (२,८९४,०८३,४५१) |
| अन्य खर्च भुक्तानी | (१,२५७,७८७,९२५) | (१,२१८,५७६,०६२) | (१,१०३,८७८,३६८) | (१,०५३,२०७,७६७) |
| **संचालन सम्पत्ति र दायित्वको घटबढ अघिको संचालन नगद प्रवाह** | **२,७२४,२०१,९७४** | **३,१४७,७९७,०७१** | **२,६४०,४४६,५१४** | **२,७७२,१४४,१५९** |
| **संचालन सम्वन्धि चालु सम्पत्तिमा घट/(बढ)** | | | | |
| नेपाल राष्ट्र बैंकबाट बाँकी रकममा | (१,३१२,१६७,२०३) | ५,४७४,२०५,७९५ | (१,३१२,१६७,२०३) | ५,४७१,२०५,७९५ |
| बैंक तथा वित्तीय संस्थाहरूमा रहेको मौज्दातमा | (२०९,०६१,०००) | २,४८७,९३७,९३७ | (२०९,०६१,०००) | २,४८७,९३७,९३७ |
| अन्य व्यापारिक सम्पत्तिमा | (२४,७५०,०००) | (२२,५५१,०७१) | (२४,७५०,०००) | २,६६०,००० |
| बैंक तथा वित्तीय संस्थाहरूलाई दिइएकोकर्जा तथा सापटीमा | (१,१९१,९८५,९७६) | (७११,०२१,४२४) | (१,१९१,९८५,९७६) | (७११,०२१,४२४) |
| ग्राहकलाई दिइएको कर्जा तथा सपटीमा | (१३,७०२,६९५,०७०) | (२५,०९२,३०६,५८९) | (१४,६०२,२९०,६१६) | (२४,३४८,९५१,३७५) |
| अन्य सम्पत्तिमा | (३४३,८७५,१७०) | (९६९,६५९,८६५) | ५७,७७८,७८० | (९२०,६१५,७४१) |
| **कुल** | **(१६,७८४,५३४,४१८)** | **(१८,८३३,३९५,२१७)** | **(१७,२८२,४७६,०१४)** | **(१८,०१८,७८४,८०८)** |
| **संचालन सम्वन्धि चालु दायित्वमा (घट)/बढ** | | | | |
| बैंक तथा वित्तीय संस्थाहरूलाई दिनु पर्ने बाँकी रकममा | १,१६६,७६२,५१२ | (४७५,१५७,५५३) | १,१६६,७६२,५१२ | (४७५,१५७,५५३) |
| नेपाल राष्ट्र बैंकलाई दिनु पर्ने बाँकी रकममा | (५,७१०,३७९,३२५) | १,३९८,३८४,४८४ | (५,७१०,३७९,३२५) | १,३९८,३८४,४८४ |
| ग्राहकको निक्षेपमा | २५,०२९,४९०,२६६ | २०,७३७,७२६,१२७ | २५,४७५,६३९,३४३ | २०,४२०,८९८,७८९ |
| ऋण सापटीमा | १,४९९,४००,४३५ | ५,७६१,८०७,२४४ | १,८१७,५०३,३७९ | ५,५५३,५९०,००० |
| अन्य दायित्वमा | ४५६,२१४,७६९ | ४७७,७४४,८०८ | १६९,९६३,१८३ | ४६६,९९६,०६१ |
| **आयकर अगाडीको कार्यगत गतिविधिबाट खुद नगद प्रवाह** | **२२,४४१,४८८,२५५** | **२७,९००,५०५,१०९** | **२२,९१९,४८९,०९२** | **२७,३६४,७११,७८१** |
| आयकर भुक्तानी | (१,४२८,८४६,१०४) | (१,४८९,७५७,५८४) | (१,३९८,८४६,१०४) | (१,३९६,४४८,०५२) |
| **कार्यगत गतिविधिबाट खुद नगद प्रवाह** | **६,९५२,३१०,१०७** | **१०,७२५,१४९,३७९** | **६,८७८,६१३,४८८** | **१०,७२१,६२३,०८१** |
| | | | | |
| लगानी कारोवारमा नगद प्रवाह | | | | |
| धितोपत्र खरिद | (४०,८१७,७९९,४९३) | (३३,२५६,८१३,१०९) | (४०,४१०,१२८,२००) | (३३,२५६,८१३,१०९) |
| धितोपत्र विक्री | ४१,२१०,९५९,९५१ | १८,३५२,२६०,३७१ | ४०,८८२,९५७,४९१ | १८,३३२,९९५,२३५ |
| स्थिर सम्पत्तिको खरिद | (२८०,६२८,२०२) | (३५५,७२६,४०४) | (२५७,४९५,८६९) | (३२४,८०१,३३०) |
| स्थिर सम्पत्तिको विक्री | १९,३८५,७४६ | ११९,७००,०३० | १९,३८५,७४६ | ११९,७००,०३० |
| अमूर्त सम्पत्तिको खरिद | (८,८३५,८८१) | (९३,९४९,९२९) | (९,०४७,२६०) | (९३,९४९,९२९) |
| अमूर्त सम्पत्तिको विक्रीबाट प्राप्ती | – | – | – | – |
| लगानी सम्पत्ति खरिद | (४०५,१८६,०००) | (२२४,३२३,२६०) | (४०५,१८६,०००) | (२२४,३२३,२६०) |
| लगानी समपत्ति विक्रीबाट प्राप्ती | – | २७,१०४,००० | – | २७,१०४,००० |
| साहयक कम्पनी, सम्वद्ध र संयुक्त उद्यममा भएको लगानी | (४००,०००,०००) | – | (४००,०००,०००) | – |
| व्याज प्राप्ती | २,२११,६११,४६२ | १,१९९,७४८,३६० | २,२११,६११,४६२ | १,१९९,७४८,३६० |
| लाभांश प्राप्ती | ११६,११३,९०९ | १४२,२०१,५२८ | ११६,११३,९०९ | १४२,२०१,५२८ |
| **लगानी कारोवारमा प्रयोग भएको खुद नगद** | **१,६४५,६२१,४९२** | **(१४,०८९,७९८,४१२)** | **१,७४८,२११,२७९** | **(१४,०७८,१३८,४७४)** |
| **वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | | | | |
| ऋणपत्र निष्काशनबाट प्राप्ती | ४,०००,०००,००० | २,७२७,४३७,००० | ४,०००,०००,००० | २,७२७,४३७,००० |
| ऋणपत्रको भुक्तानी | – | – | – | – |
| असुरक्षित दायित्वको निष्काशनबाट प्राप्ती | – | – | – | – |
| असुरक्षित दायित्वमा भएको भुक्तानी | – | – | – | – |
| शेयर निष्काशनबाट प्राप्ती | २००,०००,००० | – | – | – |
| लाभांश भुक्तानी | (१,५१५,२५३,२४२) | (५४४,८६५,०२६) | (१,५१५,२५३,२४२) | (५३८,७५६,७०८) |
| व्याज भुक्तानी | – | – | – | – |
| अन्य प्राप्ती/भुक्तानी | ४१,४०७,८३५ | – | – | – |
| **वित्तीय श्रोत कारोवारबाट खुद नगद** | **२,७२६,१५४,५९४** | **२,१८२,५७१,९७४** | **२,४८४,७४६,७५८** | **२,१८८,६८०,२९२** |
| **नगद प्रवाहमा भएको खुद (घट)/बढ** | **११,३२४,०८६,१९३** | **(१,१८२,०७७,०५९)** | **११,१११,५७१,५२५** | **(१,१६७,८३५,१०१)** |
| नगद तथा नगद समानको शुरूवाती मौज्दात | १३,३२८,६८९,०५० | १४,४४२,६६४,४८२ | १२,७८७,६३७,०५२ | १३,८८७,३७०,५२६ |
| मर्जरबाट प्राप्त नगद तथा नगद समान | – | – | – | – |
| नगद तथा नगद समानको विनिमय दरमा भएको फरक | ५९,०७१,३५७ | ६८,१०१,६२७ | ५९,०७१,३५७ | ६८,१०१,६२७ |
| **नगद तथा नगद समानको अन्तिम मौज्दात** | **२४,७११,८४६,६००** | **१३,३२८,६८९,०५०** | **२३,९५८,२७९,९३५** | **१२,७८७,६३७,०५२** |

## एनएमबि बैंकको इक्विटी धारकलाई बाँडफाँड योग्य इक्विटी
२०७९ श्रावण १ गते देखि आषाढ ३१ गते २०८० सम्मको (१७ जुलाई २०२२ देखि १६ जुलाई २०२३ सम्म)

रकम रू. मा

| विवरण | शेयर पूँजी | शेयर प्रिमियम | साधारण जगेडा कोष | सटही घटबढ कोष | नियामक कोष | फेयर भ्यालु कोष | पुनर्मूल्याङ्कन कोष | सञ्चित नाफा | अन्य कोष | कुल रकम | नियन्त्रण नहुने स्वार्थ | कुल इक्विटी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **श्रावण १, २०७९ सालको मौज्दात** | **१८,३६६,७०५,९५९** | – | **४,३१६,७२१,४९६** | **१४२,२०८,४८९** | **१,५१३,५०२,५९९** | **२५४,५४१,१३३** | – | **१,५५०,७८१,३६७** | **७२६,५००,९१६** | **२६,८७०,९६१,९५८** | – | **२६,८७०,९६१,९५८** |
| अघिल्लो अवधिको समायोजन | – | – | – | – | – | – | – | | – | – | – | |
| **श्रावण १, २०७९ समायोजित/पुनःस्थापित मौज्दात** | **१८,३६६,७०५,९५९** | – | **४,३१६,७२१,४९६** | **१४२,२०८,४८९** | **१,५१३,५०२,५९९** | **२५४,५४१,१३३** | – | **१,५५०,७८१,३६७** | **७२६,५००,९१६** | **२६,८७०,९६१,९५९** | – | **२६,८७०,९६१,९५८** |
| **यस वर्षको विस्तृत आम्दानी** | – | – | – | – | – | – | – | – | – | – | – | – |
| नाफा | – | – | – | – | – | – | – | ३,२२२,५४७,२९२ | – | ३,२२२,५४७,२९२ | – | ३,२२२,५४७,२९२ |
| आयकर पश्चातको अन्य विस्तृत आम्दानी | – | – | – | – | – | – | – | – | – | – | – | – |
| फेयर भेल्युमा मूल्याङ्कन गरिएका इक्विटी उपकरणका लगानी बाट भएका नाफा/नोक्सान | – | – | – | – | – | (१०३,८००,१४८) | – | – | – | (१०३,८००,१४८) | – | (१०३,८००,१४८) |
| पुनः मूल्याङ्कनबाट भएका नाफा/नोक्सान | – | – | – | – | – | – | – | – | – | – | – | – |
| परिभाषित लाभ योजनाबाट विमाङ्किक नाफा/नोक्सान | – | – | – | – | – | – | – | – | (३९,०२३,८९९) | (३९,०२३,८९९) | – | (३९,०२३,८९९) |
| नगद प्रवाहको हेजिङ्गबाट भएको नाफा/नोक्सान | – | – | – | – | – | – | – | – | – | – | – | – |
| विदेशी विनिमय संचालनको वित्तीय सम्पत्ति विनिमयबाट भएको सटही नाफा/नोक्सान | – | – | – | – | – | – | – | – | – | – | – | – |
| **यस वर्षको विस्तृत आम्दानी** | – | – | – | – | – | **(१०३,८००,१४८)** | – | **३,२२२,५४७,२९२** | **(३९,०२३,८९९)** | **३,०७९,७२३,२४६** | – | **३,०७९,७२३,२४६** |
| **जगेडा कोषमा सारिएको रकम** | – | – | **६४४,५०९,४५८** | **१४,७६७,८३९** | **९१२,००३,१०६** | – | – | **(२,१६७,२४५,१७७)** | **५९४,९५४,२०८** | **(१,०१०,५६५)** | – | **(१,०१०,५६५)** |
| साधारण जगेडा कोष | – | – | ६४४,५०९,४५८ | – | – | – | – | (६४४,५०९,४५८) | – | – | – | – |
| लगानी समायोजन कोष | – | – | – | – | – | – | – | – | – | – | – | – |
| सटही घटबढ कोष | – | – | – | १४,७६७,८३९ | – | – | – | (१४,७६७,८३९) | – | – | – | – |
| संस्थागत सामाजिक उत्तरदायित्व कोष | – | – | – | – | – | – | – | (२२,८९३,७३६) | २२,८९३,७३६ | – | – | – |
| ग्राहक संरक्षण कोष | – | – | – | – | – | – | – | – | – | – | – | – |
| स्थगन कर कोष | – | – | – | – | – | – | – | – | – | – | – | – |
| कर्मचारी दक्ष अभिबृद्धि कोष | – | – | – | – | – | – | – | (५,३९४,०९४) | ५,३९४,०९४ | – | – | – |
| नियामक जगेडा कोष | – | – | – | – | ९१२,००३,१०६ | – | – | (९१२,००३,१०६) | – | – | – | – |
| एनएमबि कर्मचारी राहत कोष | – | – | – | – | – | – | – | (१,०१०,५६५) | (१,०१०,५६५) | – | – | (१,०१०,५६५) |
| ऋणपत्र भुक्तानी कोष | – | – | – | – | – | – | – | (५६६,६६६,३७९) | (५६६,६६६,३७९) | – | – | – |
| **जगेडा कोषबाट सारिएको रकम** | – | – | – | – | – | | – | **५०,०००,०००** | **(५०,०००,०००)** | | – | |
| फेयर भ्यालु कोष - लगानीहरू विक्री | – | – | – | – | – | | – | – | – | – | – | – |
| ऋणपत्र भुक्तानी कोष | – | – | – | – | – | – | – | | – | – | – | – |
| एनएमबि कर्मचारी राहत कोष | – | – | – | – | – | – | – | – | | – | – | – |
| संस्थागत सामाजिक उत्तरदायित्व कोष | – | – | – | – | – | – | – | – | – | – | – | – |
| लगानी समायोजन कोष | – | – | – | – | – | – | – | ५०,०००,००० | (५०,०००,०००) | – | – | – |
| इक्विटीमा देखाइएको शेयरधनी सँगको कारोवार | – | – | – | – | – | – | – | – | – | – | – | – |
| मर्जरबाट प्राप्त | – | – | – | – | – | – | – | – | – | – | – | – |
| शेयर निष्काशन | – | – | – | – | – | – | – | – | – | – | – | – |
| ख्यातीको लेखाङ्कन | – | – | – | – | – | – | – | – | | | – | – |
| **शेयरमा आधारित भुक्तानी** | – | – | – | – | – | – | – | – | – | – | – | – |
| **शेयरधनीलाई लाभांश वितरण** | – | – | – | – | – | – | – | – | – | – | – | – |
| बोनस शेयर निष्काशन | – | – | – | – | – | – | – | – | – | – | – | – |
| नगद लाभांश भुक्तानी | – | – | – | – | – | – | – | (१,५१५,२५३,२४२) | – | (१,५१५,२५३,२४२) | – | (१,५१५,२५३,२४२) |
| **जम्मा योगदान तथा वाँडफाँड** | | – | – | – | – | – | – | **(१,५१५,२५३,२४२)** | | **(१,५१५,२५३,२४२)** | – | **(१,५१५,२५३,२४२)** |
| आषाढ २०८० को अन्त्य मौज्दात | १८,३६६,७०५,९५९ | – | ४,९६१,२३०,९५५ | १५६,९७६,३२९ | २,४२५,५०५,७०५ | १५०,७४०,९८५ | – | १,१४०,८३०,२४० | १,२३२,४३१,२२६ | २८,४३४,४२१,३९७ | – | २८,४३४,४२१,३९७ |

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Global Alliance for Banking on Values
Bank of the Year, ASIA 2021
Bank of the Year, Nepal 2017, 2018, 2020 & 2021

NMB Bank Limited, Babarmahal, Kathmandu, Nepal
GPO Box: 11543, Tel: 977-1-5346160, Call Center: 977-1-5970150
Fax: 977-4246156, Web:www.nmb.com.np, Swiftcode: NMBBNPKA